Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक १८ २०७६ मंसिर ८ गते आईतवार Sunday 24, NOV, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# देशलाई समृद्ध वनाउनुको सट्टा नेतालाई समृद्ध बनाउदै प्रधानमन्त्री

पूनरगठीत मन्त्री मण्डको नामावली

| क.स | नाम थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली, | प्रधानमन्त्री | |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री उपेन्द्र यादव | पप्रधानमन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ४. | श्री रामबहादुर थबापा | मन्त्री | गृह |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ६. | श्री हृदयेश त्रिपाठी, | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री |
| ७. | श्री गिरीराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ८. | श्री वर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिाचाइ |
| ९. | श्री घनश्याम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १०. | श्री भानुभक्त ढकाल | मन्त्री | स्वास्थ्य तथा जनसफ्या |
| ११. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | वन तथा वातावरण |
| १४. | श्री रामेश्वर राय यादव | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १५. | डा. युवराज खतिवडा | मन्त्री | अर्थ |
| १६. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | सहरी विकास |
| १७. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | , मन्त्री | युवा तथा खेलकुद |
| १८. | श्री गोकुलप्रसाद बाास्कोटा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १९. | श्री पद्माकुमारी अर्याल | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| २०. | श्री बीना मगर | मन्त्री | खानेपानी |
| २१. | श्री वसन्तकुमार नेम्वाङ | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २२. | श्री पार्वत गुरुङ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २३. | श्री मोतीलाल दुगड, | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २४. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसफ्या |
| २५. | श्री रामवीर मानन्धर | राज्यमन्त्री | सहरी विकास |

विराटनगर । प्रधानमन्त्री केपी शर्मा ओलीले समृद्ध नेपाल सुखी नेपालीको नारा लगाए पनि अहिले प्रधान मन्त्री ओली आफ्नो बफादार र नाता गोतालाई समृद्ध वनाई रहेको चर्चा परीचर्चा नेकपा पार्टी भित्रै चल्न थालेको छ ।

नेपाललाई समृद्ध र नेपालीलाई सुखी वनाउन भन्दा पनि प्रधानमन्त्री प्रदेश प्रमुख, मन्त्री र कर्मचारी सरुवा बढुवामा केन्द्रित चएको छ। एक नेताले भने यस्तो प्रक्र्यावाट देश समृद्धि वन्दैन । देशमा व्यप्त भ्रष्टाचार बढेको अवस्था छ। मन्त्री हेरफेरले झण भ्रष्टाचारलाई बढावा मिल्ने छ। एउटा मन्त्रालय बुझ्नलाई समय लाग्छ। भरखार प्रदेश प्रमुखहरु र मन्त्रीहरुले केही गर्न वातावरण वनाएका थिए । तर सवै परिवर्तन भएपछि पुन दुई बर्ष बुझ्नै लाग्ने अनि समृद्ध नेपाल र सुखी नेपाली कहांवाट वन्द छ वहांको प्रश्न छ ?

प्रधानमन्त्रीले मन्त्रीहरुको कार्यकौशलतामा प्रश्न उठाउदै मंसिर २५ गते बुधवार केहीका मन्त्रालय हेरबदल, केहीलाई पद मुक्त र केही नयां अनुहार थपगरी मन्त्री मण्डल फेर वदल गरेको छ। प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा ९ बमोजिम मन्त्रिमण्डलको पुनर्गठन गरिएको छ। नयां अनुहारमा एमालेवाट मधेश तिर मधेशवाट सिंह दरवार भनेर चिनिने सूर्य चुनाव चिन्हवाट जितेका हृद्यश त्रिपाठी रहेको छ। त्यसैगरी घनश्यमा भूसाल, लेखराज भट्ट, रामेश्वर राय यादव, बसन्त कुमार नेम्वाङ रहेका छन् । नयाँ मन्त्रीमा हृदेश त्रिपाठी, घनश्याम भुसाल, लेखराज भट्ट, रामेश्वर राय यादव, वसन्तकुमार नेम्वाङ र पार्वत गुरुङ रहको छ । त्यस्तै राज्यमन्त्रीमा मोतीलाल दुगड, नवराज रावत र रामवीर मानन्धर रहेको छ ।

मन्त्रिमण्डलबाट बिदा हुनेमा मधेशवादी र मधेशीको खरो विरोध गर्ने सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित रहेको छ। त्यसैगरी कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनाल, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्ट, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापा र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादव, राज्यमन्त्री धनबहादुर बुढा, रामकुमारी चौधरी

वांकी अन्तिम पेजमा...

## सैनिक विद्यालयको प्रदर्शनीमा दुई हजार भन्दा वढीका अवलोकन

विराटनगर । सैनिक आबासिय महाबिद्यालय धरानले पहिलो पटक प्रथम साईन्स स्याम्ड कम जेनेरल प्रदर्शनी-२०७६ आफनै प्राङगनमा बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरु बाटै सञ्चालन कार्यक्रम सम्मन्न गरेको छ ।

बिद्यार्थीहरुबाटै सबै स्टल, उदघोषण तथा स्वयम् सेवक परिचालक देखि ब्यबस्थापन समेत गरिएको यो कार्यक्रम भब्य र सब्य देखिएको अबिभावक अप्सरा कट्वालले बताउनु भयो। उक्त प्रदशनीमा बिज्ञान, कला संस्कृति, विभिन्न जनजातिका भेषभुषा, लोपोन्मुख विभिन्न बाजागाजा, महाविद्यालय, नेपाली सेना, राष्ट्रिय सेवा दल, नेपाली, अंग्रेजी, गणित, कम्प्युटर तथा सामाजिक सांस्कृतिक सम्बन्धि ३१ वटा स्टलहरू राखिएको थियो ।

महाबिद्यालयले गरेको कार्यक्रम लाई अबलोकन गर्न आउने हुने सुनसरी जिल्लाका इटहरी, धरान लगायत बिभिन्न बिद्यालयका शिक्षकहरु प्रतिनिधीहरु, बिद्यार्थीहरु लगायत अभिभावकहरुलाई सांगितिक कार्यक्रमले मनोरञ्जन समेत गराएको थियो । यो प्रथम प्रयासलाई अझ सार्थक बनाउन अगामी बर्षहरुमा झन परिस्कृत हुने महाबिद्यालयका प्रिन्सिपल निलम कुमार श्रेष्ठले बताउनु भयो ।

सो कार्यक्रमलाई सफल बनाउन हामी सबै महाबिद्यालय परिबार, सैनिक तथा गैरसैनिक कर्मचारीहरु, शिक्षक तथा कर्मचारीको अहम भुमिका र अथक प्रयास रहेको प्रिन्सिपल श्रेष्ठले बताउनु भयो । बिद्यार्थीहरुले आगन्तुकहरूका निम्ति विभिन्न नृत्य, गायन, कराते, तेइक्वान्दो जस्ता बिभिन्न सास्कृतिक कार्यक्रम समेत विद्यार्थीहरूले प्रस्तुत गरेका थिए । महाविद्यालयका विद्यार्थी, अभिभावक, पूर्व विद्यार्थीका साथै धरान इटहरीका विभिन्न विद्यालयका शिक्षक विद्यार्थी लगायत बिभिन्न महानुभावहरु गरी २ हजार भन्दा बढीले प्रदर्शनी अवलोकन गरेका थिए ।

वांकी अन्तिम पेजमा...




## एकै दिन, कएकै समय, एकै ठाउं १३ कार्यक्रम

विराटनगर । मोरंग जिल्लाको सुनवर्षी नगरपालिका वडा नं. ६ मा एक सामाजिक संस्थाले एकै दिन, एकै समय र एकै ठाउँमा १३ वटा सामाजिक कामहरु सम्पन्न गरेको छ ।

उक्त संस्थाको नाम हो लायन्स क्लब अफ विराटनगर सिटी । लायन्स क्लब अफ विराटनगर सिटीले मोरङको सुनवर्सी नगरपालिका वडा नं. ६ र ७ स्थित शान्ति क्षेत्र आधरभूत विद्यालयमो नि:शुल्क आाखा जााच संचालन गरेको थियो । सो शविरमा ७ सय ७६ जनाले आाखा जााच गराएका थिए । सो जांचकालागि रामलाल गोल्छा आाखा अस्पताल र ओम वहेलनेश अस्पतालको सहयोगमा भएको थियो ।

आाखा जााच गराएका मध्ये ३२ जनाको मोतिया बिन्दु भेटिएको थियो । मोतियाबिन्धु भेटिएका विरामीहरूको नि:शुल्क शल्यक्रिया रामलाल गोल्छा आाखा अस्पताल गरि दिने भएको छ। सोही दिन मधुमेह जााच पनि गरिएको थियो । मधुमेश जााचमा ६ सय ९० जनाको परीक्षण गरिएको थियो। धेरै जनामा सगुर विरामी भेटिएको थियो ।

त्यस्तै उच्च रक्तचाप जााचमा १ हजार १ सय ११ जनाले परीक्षण गरेका थिए । सोही अवसरमा दृष्टि सचेतना कार्यक्रम पनि सम्पन्न गरिएको थियो। स्थानिय अभिभावक र विद्यार्थी गरि ३ सय ५० जनालाई दृष्टिको वारेमा जानकार्रा दिएको थियो । मधुमेश रोगको बारेमा ४ सय २० जनालाई जानकारी गराएको थियो ।

सोही दिन विद्यालय सरसफाइ सम्बन्धी जनचेनना अन्तर्गत २ सय २० जना विद्यार्थीहरुलाई सरसफाई वारे जानकारी गराएको थियो । अभिभावक, विद्यार्थी र क्लबका पदाधिकारीहरुले स्कूल पनि सरसफाइ गरेको थियो ।

क्यान्सर सचेतना कार्यक्रममा २ सय ५१ जना स्थानियलाई क्यान्सर रोगको वारेमा जानगरी र रोगवाट

वांकी अन्तिम पेजमा...

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## देशलाई...

र सुरेन्द्रकुमार यादव पनि जिम्मेवारीबाट मुक्त गरिएको छ ।

मधेशको मसीहा भनेर चिनिने समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई अपमानित गर्दै कुनै पनि सरसल्लाह नगरी स्वास्थ्य तथा जनसंख्या मन्त्री कै हैसियतमा विदेशमा रहेको वेला सो मन्त्रालयवाट मुक्त गरी त्यो भन्दा सानो मन्त्रालय अर्थात उपप्रधान तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीको जिम्मेवारी दिएको छ भने वहांले समालेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालको जिम्मेवारी भानुभक्त ढकाललाई दिएको छ ।

यसभन्दा अगाडी प्रदेश प्रमुख रहेका फोरम र राजपाका १/१ जना, कांग्रेसको सिफारीसमा ५ जना गरी नियुक्त भएका प्रदेश १ मा गोविन्द सुब्बा, २ मा रत्नेश्वर लाल कायस्थ, ३ मा अनुराधा कोइराला, ४ मा बाबुराम कुवर, ५ मा उमाकान्त झा, ६ मा दुर्गाकेशर खनाल र ७ मा मोहनराज मल्ललाई जिम्मेवारीवाट मुक्त गरी अहिले पुर्व नेकपा र पूर्व नेकपा माओवादीका भागवण्डमा प्रदेश प्रमुख ल्याएको थियो ।

उक्त प्रदेश प्रमुखमा प्रदेश १ मा सोमनाथ अधिकारी 'प्यासी', प्रदेश २ मा तिलक परियार, प्रदेश ३ मा विष्णु प्रसाई, गण्डकी प्रदेश-अमिक शेरचन, प्रदेश ५ मा धर्मनाथ यादव, कर्णाली प्रदेश-गोविन्द कलौनी, सुदूरपश्चिम प्रदेशमा शर्मिला पन्त त्रिपाठी नियुक्त गरिसको छ ।

## एकै दिन...

बच्न सक्ने उपायका वारेमा विशेषज्ञ चिकित्सकबाट जानकारी गराएको थियो । आाखा जांच गरिएको ७ सय ७५ जनालाई आवश्यक पर्ने औषधी नि:शुल्क वितरण गरिएको थियो । एकै ठाउंमा एकै दिन, एकै समायमा आयोजना गरिएको सामाजिक कार्यबाट करिब ३ हजार भन्दा बढीले सेवा पाएको क्लबका अध्यक्ष पोखरेलले वताए ।

सुनवर्षी नगरपालिका वडा ६ का वडा अध्यक्ष तेजनारयण ताजपुरीयाको उपस्थीतिमा कार्यक्रम भएको थियो । अध्यक्षका अनुसार आफ्नो कार्यकायलमा ३ सय ६५ वटा सामाजिक कार्य गर्ने लक्ष्य लिएको छ । यसरी नै झापा, मोरङ र सुनसरीका ग्रामिण बस्तीमा पुगेर सामाजिक कार्य गरेर अगाडी बढने उक्ष्य रहको बताए ।

## सैनिक...

महाबिद्यालय परिसरमा बिद्यार्थीहरुलाई शैक्षिक कार्यतालिका अनुसार नै शिक्षक सिकाई संगसगै प्रतिभावान बिद्यार्थीहरुलाई प्रतिभा प्रस्फुटन हुने गरी अतिरिक्त कृयाकलाप पनि महाबिद्यालयले जोड दिएको होस्टल सुपरिटेन्डेन्ट दयाराम दुवाडीले बताउनु भयो । प्रदर्शनी कार्यक्रममा पूर्वी पृतनाका चिफ अफ आर्मी स्टाफ सहायक रथी यम बहादुर अधिकारी, १ न बाहिनीका बाहिनीपति सहायक रथी याम प्रसाद ढकाल, कल्याणकारी योजना निर्देशनालयका शिक्षा शाखा प्रमुख सेनानी बसन्त गौतम तथा यस महाविद्यालयका पूर्व सम्पर्क अधिकृत प्रमुख सेनानी श्यामहरी खत्रीले समेत उक्त प्रदशनीको अवलोकन गर्नु भएको थियो ।

# बार्षिकोत्सवको अवसरमा उत्कृष्टलाई पुरस्कार



विराटनगर । नोबेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलले १४ औं बार्षिकोत्सवको अवसर पारेर उत्कृष्ट कार्यसम्पादन गर्ने २० कर्मचारीलाई पुरस्कार प्रदान गरेको छ । त्यसैगरी सर्वोत्कृष्ट अंक ल्याउने २७ जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

पुरस्कृत हुनेहरुमा डा.प्रमोद शर्मा गौतम, सुरेन्द्र प्रशाद शाह, डा.विवेक सिंह, नविना कोईराला, अमृता तिम्सिना, ससित खवास, सुरेन्द्र घिमिरे, अर्विन्द कुमार सिंह, किसोर बस्नेत, डा.कलामुदिन खान, प्रियंका रेग्मी, दिक्षा निरौला, नन्दलाल ठाकुर, राधा खाँ, मनिका माझी, संजिव कुमार माझी, बेनी मायाा लिम्बु, कौशल किसोर ओझा, आसनारायण राजवंशी र कमल राजवंशी छन् ।

सम्मानित हुँने बिद्यार्थीहरुमा माधव पौडेल, हिमाल दाहाल, निष्ठा बराल, सागर शाह, लक्ष्मी वाग्ले, सिर्जना राना मगर, गोबिन्द तामाङ, प्रदिप तिरुवा, रिङ्की रोय, उपमा भण्डारी, समिरा लिङ्खा, बबिता बस्नेत, ईदर्श राई, सुधिर न्यौपाने, लक्ष्मी तामाङ, गोमा तामाङ, नविना प्रजापति र रोस्नी लिम्बु छन् । त्यस्तै सुवास खतिवडा, खेमराज बस्नेत, युनिसा कडरिया, कला सेन्दाङ, दिपकला तामाङ, सागर लामा तामाङ, श्रेया निरौला, सिम्रन श्रेष्ठ र बिसाल चापागाई पनि सम्मानित गरिएको थियो ।

त्यसैगरी फरक-फरक १७ बिद्याका उत्कृष्ट कर्मचारीलाई जनही ६ देखि २५ हजारसम्म नगदसहित प्रशंसा पत्र र खादा ओढाएर पुरस्कृत गरिएको थियो । सर्वोत्कृष्ट अंक ल्याउँने २९ बिद्याका बिद्यार्थीहरुलाई खादा ओढाएर प्रशंसा पत्र प्रदान गरि सम्मानित गरिएको थियो ।

अस्पतालका अध्यक्ष लोकनाथ न्यौपाने, सञ्चालक डा.सुनिल शर्मा, प्रवन्ध निर्देशक इन्दिरा बराल, नायब प्रमुख कार्यकारी अधिकृत डा.विश्वनाथ अधिकारी, प्राचार्य डा.रामहरी घिमिरे, अन्तर्राष्ट्रिय शैक्षिक निर्देशक डा.निरञ्जन कुमार, जनसम्पर्क अधिकृत नारायण दाहाल लगायतले उनीहरुलाई सम्मान एवं पुरस्कार प्रदान गरेका थिए ।

# लैङ्गिक समानताको लागि त्रिकेट प्रशिक्षण




विराटनगर । दिगो विकासका लक्ष्य तथा लैङ्गिक समानताको लागि क्रकेट प्रशिक्षण हुने भएको छ ।

नेपाल क्रिकेट फाउन्डेसन, कनेक्टिङ क्लव अन्तराष्ट्रियको आयोजना र विराटनगर क्रीकेट एन्ड केकेडमीका सहकार्यमा विराटनगर महानगरपालिका र कटहरी गाउंपालिकामा मंसिर ७ गते देखि १३ गते सम्म क्रिकेट फर इकुआलिटिको आयोजना गर्न लागेको हो ।

उक्त कार्यक्रम अन्तर्गत प्रशिक्षक तालिम, ६ सामुदायिक र २ निजी विद्यालय र एसओएस को छात्राहरु संग भेटघाट र क्रिकेटको बेसिक तालिम गराउने भएको छ । ती विद्यार्थीहरुलाई थप २ दिन तालिम र मंसिर १२ गते गर्ल्स क्रिकेट कारनिभलको समेत आयोजना हुने भएको छ ।

सो कार्यक्रम अन्तर्गत विराटनगसर क्रिकेट क्लव एण्ड एकेडमीका खेलाडीहरु र विराटनगरमा रहेका महिला खेलाडीहरुलाई वेलायतवाट आएका प्रशिक्षकले तालिम दिनेछ । २० वर्ष लामो प्रशिक्षणको अनुभव भएका इंङ्लिस एन्ड बेल्स क्रिकेट वोर्डका कोच जोनाथन लि बोथले यूवा खेलाडीहरुलाई प्रशिक्षण दिनेछ ।

कार्यक्रमको समुद्घाटन मंसिर ७ गते विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलेले गर्नु हुनेछ । कार्यक्रमपछि छात्रा तथा महिला खेलाडीहरुलाई १० हप्ता को निशुल्क तालिम प्रदान गरिनेछ । सो तालिममा तालिम प्राप्त प्रशिक्षक र विराटनर क्रिकेट क्लब एन्ड एकेडेमीका प्रशिक्षकले दिनुहुने छ ।

क्रिकेट फर इकुवालिटि कार्यक्रम अन्तर्गत सन् २०१७, २०१८ मा लैङ्गिक समानताको लागि गोष्ठी र प्रशिक्षण आयोजना गरिसकेको र २ हजार विद्यार्थीलाई लैङ्गिगक समानताका जानकारी पत्रकार सम्मलन गरी नेपाल क्रिकेट फाउन्डेसनका अध्यक्ष अभिषेक श्रेष्ठले गराएका थिए ।


## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**रंगेली नगर पालिकाको कार्यालय**
**रंगेली मोरंग, प्रदेश नं.१**



## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी. सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# नेता परिवर्तनले राष्ट्रि समृद्ध असम्भव

देशमा लोकतन्त्र आएपछि जनताले परिवर्तको सास फेर्दै पहिलो पटक संघिय, प्रदेश र स्थानीय तहको निर्वाचनमा भाग लिएका थिए । सो निर्वाचनवाट नेपाली जनताले नयां शक्तिको रुपमा उदाएका नेकपा माओवादी र नेकपा एमाले पार्टीले दुवैले एकता गरी देशमा शान्ति र समृद्धि ल्याउने भन्दै घोषणापत्र जारी गरेपछि नेपाली जनताले दुवै पार्टी मिलेर बनेको नेकपालाई बहुमत दिलाएको छ । बहुमत प्राप्त नेकपाले सरकार वनाउदै समृद्ध नेपाल सुखी नेपालीको नारा दिएर विकास निर्माणका काम गर्दै अगाडी बढेको थियो । तर अहिले आएर मन्त्रिहरुले परिनाम मुखी काम नगरेकोले यसै साता मन्त्रिमण्डल पुनरगठन गरेके छ । मन्त्री मण्डलमा व्यक्तिलाई परिवर्तन गर्दैमा राष्ट्रिय समृद्ध र सुखी जनता हुने होईन । देशलाई समृद्ध र सुखी बनाउनु छ भने व्यक्तिको मानसिकतालाई नै परिवर्तन गर्न सके अवश्य समृद्ध नेपाल र सुखी नेपालीको नारा सकार हुन सक्छ ।

नेपाल कम्यूनिष्ट पार्टीको सरकारका प्रधान मन्त्रीले पदभार समालेको अढाई वर्ष मै सातवटै प्रदेशका प्रमुखलाई हटाएर नेकपा समर्थितलाई सातवटै प्रदेशमा प्रदेश प्रमुख वनाउनु, लगतै मन्त्रीहरुलाई अशक्षमको विल्ला लगाएर पुनरगठन गर्नु यी यथावत कार्यले आम नेपाली जनताले प्रधान मन्त्रीले समृद्ध नेपाल सुखी नेपालीको नारा विर्सेर समृद्ध व्यक्ति सुखी नाता गोताको नारा लिएको जस्ता देखिएको चर्चा हुन थालेको छ । राजनीतिक दलतका नेताहरुको पदभार परिवर्तन गरेर मात्र सम्भव छैन । पदभार भन्दा पनि पदमै बसेको लाई नैतिक शिक्षा दिनु पर्ने हुन्छ । यदि नेतामा नैतिकता आई दिएको भए देश त्यसै समृद्ध र जनता सुखी हुन्छ । त्यस तर्फ प्रधानमन्त्रीको ध्यान जानु पऱ्यो ।

एकतामै बल हुन्छ तर एकतामा दुविधा र कलछपट हुनु हुँदैन । एकताले देशमा समृद्धि ल्याउंछ भनेरै आम नेपाली जनता नेकपालाई बहुमत दिएको छ । तर वहुमतका आडमा भ्रटाचार गर्ने कर्मचारी, काम नगर्ने नेताहरुलाई परिवर्तन गरेर अझ समाजमा नैराश्यता छाउछ । काम गरेन, भ्रटाचार गऱ्यो भन्दैमा कारवाही गर्ने कि पद मुक्त गर्ने । यदि मन्त्रीहरुले संतोष जनक काम गर्न सकेन वा भ्रष्टाचारमा लिप्त भयो । यस्ता कुराहरु जनतामा प्रष्ट पारेर मन्त्रीहरु दोषी छन् भन कारवाही गरेर मात्र पदमुक्त गर्नु उचित हुन्थ्यो । त्यसैले जिम्मेवारी पाउका नेताहरुलाई जिम्मेवारीवाट हटाउनुको सट्टा नैतिक पाठ सिकाउन आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# ऐतिहासिक जीत, हारमा परिणत हुँदै

**उपेन्द्र झा**

जन अपेक्षा पूरा गर्न सुशासन चाहिन्छ र सुशासनका लागि स्वच्छ राजकीय संयन्त्र, इमान्दार राजनेता तथा जनतासँग सरोकार राख्ने राजनीति हुनुपर्छ। तर वर्तमान राजनीतिमा यी तत्वहरूको कुनै स्थान छैन ।

देश र जनताको विकासभन्दा अपराधी व्यक्तिले कायम गरेको वर्चस्वका लागि प्रयोग भइरहेको राजनीतिसँग सुशासनको कल्पना गर्नु मुर्खता नै हो। अपराधी व्यक्तिहरू राजनीतिक संरक्षण खोज्न राजनीतिमा प्रवेश गरेपछि राजनीतिको स्वरूप नै बद्लिएको छ ।

अपराधको राजनीतिकरण गर्दै आउँदा राजनीतिले देश र जनताको काम छाडेर अपराधतिर प्रेरित भएपछि राजनीतिक अराजकता आउनु स्वाभाविक हो। यस्तो अवस्थामा सुशासनको कुरा गर्नु पटमुर्खताबाहेक अरू के हुन सक्दछ।

अपराधीहरू राजनीतिक संरक्षण पाउन ठूलो रकम सहयोग गरेर ठूला पार्टीहरूमा छिर्छन् तथा अपराधको निरन्तरता कायम राख्छन्। यसरी अपराधिक प्रवृत्ति बढ्दै गएर राजनीतिक धरातल नै अपराधीहरूको कब्जामा जान्छ। सतहमा आउने अपराधका घटनाहरू राजनीतिक स्वरूपबारे त्यसै बखान गरेको हुन्छ ।

स्थायी सरकारको स्वरूपबारे जनताले लिएका आशा, विश्वास विस्तारै हराउँदै जानु, साना-साना घटनामा सरकारको विरूद्ध सडकमा जनआक्रोश देखा पर्नु आदि कारणले सरकारको अकर्मण्यतात्यसै प्रष्ट्याउँछ। जन अपेक्षा पूरा गर्ने उद्देश्य लिएर खडा भएको ओली नेतृत्वको सरकारले देशमा रहेको धरातलीय समस्यालाई सम्बोधन गर्न कुनै प्रयास गरेन ।

नेपाली जनताले भोगिरहेको परनिर्भरताको पीडा विषयमा यो सरकार गम्भीर हुन सकेन। धरासायी रहेको उद्योग धन्धा र उत्पादन क्षेत्र गतिशील हुन सकेन।

अवसरको अभाव, बेरोजगारी, महागी, स्थानीय सरकारको करको बोझ, उत्पादनशीलताको अभाव आदि कारणले जनतामा अपराधिक प्रवृत्रि बढ्दै गएको छ। नेपाली समाजमा अहिले देखिरहेको चरम आक्रोश, अविश्वास, घृणाले यो सरकारलाई आफ्नो कार्यकाल पूरा गर्न देला ? सरकार भनेको जागिर खान आएको जमात होइन, यो त देश र जनताको सर्वाङ्गीण विकास गराउन आउने दक्ष जनशक्ति हो। राजनेता कहिल्यै पनिआफ्नो लागि सम्पत्ति कमाउँदैन। उसले त लोकप्रियता कमाउँछ, नाम र यश कमाउँछ।

हाम्रो देशका नेताहरू करोडौं खर्च गरेर जितेका सांसद तथा मन्त्रीहरू खर्च भएको रकमको साबा र ब्याज उठाउन एक मात्र सोच लिर अनेक दाउ खोजिरहेका हुन्छन्। अर्को चुनावका लागि आर्थिक सवलता अनिवार्य विषय रहेकोले खर्च गरेका तथा नगरेका जनप्रतिनिधिहरू एउटै सोचबाट प्रेरित भएपछि देशको कल्याणकारी बाटा बन्द हुनु स्वाभाविक हो ।

यही प्रवृत्तिले राजनीतिमा प्रश्रय पाएको छ। पैसा कमाउने उटकट चाहनाले सबैलाई अनैतिक बाटो समाउन बाध्य बनाएको छ। सबैको एउटै चाहना भएपछि त्यो सरकारको स्वरूप कस्तो होला ? लामो समयदेखि सरकार यही क्रममा चलिरहेकोले राज्यसत्ताको स्वरूप नै भ्रष्ट भएको छ। कम्युनिष्टहरू अरूभन्दा प्रगतिशील, वैज्ञानिक सोच भएका अनुग्रसित निष्पक्ष तथा कर्मयोगी हुने विश्वासमा जनताले दुई तिहाई नजिक पुऱ्याएर स्थिर सरकार बनाउन जनादेश दिएका हुन्।

जनताप्रति ठूलो जिम्मेवारी बहन गर्ने दायित्व लिएका कम्युनिष्ट नेतृत्वको सरकार राज्यसत्ता समक्ष आएर आत्मसमर्पण गर्नु कति लज्जास्पद भएको छ। जनताको दुई तिहाईको सरकार बनाएको ऐतिहासिक जीत हारमा परिणत भएको छ। जनता हारेका छन्। यही हारले जनतालाई आक्रोशित तुल्याएको छ। जनताको असन्तुष्टता यो सरकारको दुर्भाग्य हो। असन्तुष्टताले आन्दोलनको ठूलो आँधीबेहरी ल्याउनेमा कुनै शंका छैन।

> जनताप्रति ठूलो जिम्मेवारी बहन गर्ने दायित्व लिएका कम्युनिष्ट नेतृत्वको सरकार राज्यसत्ता समक्ष आएर आत्मसमर्पण गर्नु कति लज्जास्पद भएको छ। जनताको दुई तिहाईको सरकार बनाएको ऐतिहासिक जीत हारमा परिणत भएको छ। जनता हारेका छन्। यही हारले जनतालाई आक्रोशित तुल्याएको छ। जनताको असन्तुष्टता यो सरकारको दुर्भाग्य हो। असन्तुष्टताले आन्दोलनको ठूलो आँधीबेहरी ल्याउनेमा कुनै शंका छैन।
>
> राजनीतिमा अपराधीहरूको जमात रहेको र त्यसले सञ्चालन गरेको राजनीति कस्तो होला ? जसका धेरै परिणामहरू सतहमा परिलक्षित भइरहेका छन्। प्रगतिशील भनिएका कम्युनिष्ट सरकारले पनि राजनीतिको बिग्रेको स्वरूपलाई सपार्नुको सट्टा यसैलाई निरन्तरता दिएकोले विग्रहको जन्म हुनु स्वाभाविक भएको छ।

राजनीतिमा अपराधीहरूको जमात रहेको र त्यसले सञ्चालन गरेको राजनीति कस्तो होला ? जसका धेरै परिणामहरू सतहमा परिलक्षित भइरहेका छन्। प्रगतिशील भनिएका कम्युनिष्ट सरकारले पनि राजनीतिको बिग्रेको स्वरूपलाई सपार्नुको सट्टा यसैलाई निरन्तरता दिएकोले विग्रहको जन्म हुनु स्वाभाविक भएको छ।

पैसा कमाउन अपराध गर्नुपर्ने, अपराध गर्दा राजनीतिक संरक्षण चाहिने, यसरी राजनीतिको अपराधसाग अन्योन्याश्रित सम्बन्ध बनेको छ। शक्ति आर्जन भएपछि सबैले मान गर्ने, समाजमा मान प्रतिष्ठा बढ्ने, राजनीतिमा दखल हुने, मन्त्री पद सुरक्षित रहने आदि सम्मानजनक अवस्था कायम राख्न सबै प्रतिस्पर्धी बनेका छन्। कोही हार्छन्, कोही जित्छन्। जित्ने शासक बन्नछन्, हार्ने शासित ।

विपन्न देशका निवासी नेताहरू सत्तामा नेपाली कांग्रेस वा कम्युनिष्ट आए देश र जनताको अवस्थामा कुनै सुधार नभएको कुरा अब जनतालाई बुझाई रहनुपर्ने आवश्यकता रहेन। अपुष्ट राजकीय संयन्त्रले भ्रष्ट जनप्रतिनिधिसँग मित्रता गासे नै, आउने इमान्दार जनप्रतिनिधिलाई पनि बिगारे। एसिया वाच र ट्रान्सपरेन्सी इन्टरनेशनलले देशका सम्पूर्ण संयन्त्र भ्रष्ट रहेको प्रतिवेदन सार्वजनिक गर्दा पनि यसलाई सुधारको बाटोमा लैजाने इमान्दार, देशभक्त एउटा पनि राजनीतिकर्मी देखिएन ।

शोषण र भ्रष्टाचारको किला देखाउने राजतन्त्र विस्थापित भएको एक दशकभन्दा बढी भयो। प्रगतिशील भनाउँदा नेपाली कांग्रेस र नेकपाले सुधारका फरक दृष्टिकोण ल्याए पनि व्यवहारमा भ्रष्टाचारका थप क्रियाकलापले निरन्तरता नै पाएको देखियो। तथ्यगत भन्नुपर्दा अहिले भ्रष्टाचारमा तीव्रतर वृद्धि भएको देखिएको छ। महामारीको रूपमा फैलिएको यो रोग स्थानीय सरकारसम्म फैलिएको छ। दण्डहीनताको अभावमा जनता यसको प्रत्यक्ष शिकार बन्दै गएका छन्।

सरकार अहिले हात्ती जस्तो विशाल र शक्तिशालीको मदमा जनताको पीडा हेर्न बुझ्न असक्षम रहेका कारण कागजमा लेखिएको सुशासन देखाइरहेको छ। सुशासनको नाउँमा जन्म लिने प्रलयकारी आन्दोलनको आभाष सरकारसँग छैन। जनआक्रोश घनिभूत रूपमा विस्फोट भएपछि को रहला र के रहला यसको आाकलन पनि गर्न नसक्ने शक्तिशाली सरकारको शक्तिको के काम ? के भ्रष्टाचार गर्न र प्रेरित गर्न यत्रो ठूलो तीन सरकारको जमात तयार गरिएको हो ? के जनता पीडा सहेर यस्तो अवस्थामा रहन सक्छन् ? (मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# विज्ञान तथा प्रविधिको नकारात्मक प्रभाव

**के.बी. बस्नेत**

वर्तमान समयमा पश्चिमी बौद्धिक कुशलताले भौतिक तत्वको ज्ञान एवम् विचार विश्लेषणले सफलता पाएको छ। त्यसैले मानव चेतना तथा जिज्ञासाको परिणाम स्वरुप विज्ञानको विकास हुन थालेको हो। निःसन्देह पनि आज विज्ञानको चमत्कारले भौतिक युगको सिर्जना भई भोग विलासको स्रोतसाधनमा विकास भएको छ। त्यसैले हामी ऐस-आरामको जिन्दगी व्यतित गरिरहेका छौं।

एकातिर विज्ञानको क्षेत्रमा पछि परेका मुलुकहरु यसको विकासका लागि विशेष रुपले आकृष्ट छन् भने अर्कोतिर वैज्ञानिक चमत्कारहरु देखाउन सफल राष्ट्रहरु यसको उन्मात प्रयोगलाई रोकथाम गर्न शान्ति सम्झौता र सम्मेलन गर्न व्यस्त छन्। विज्ञानको मोहको कारण आज विश्वका धेरै देशहरुमा सहरीकरण तीव्र रुपले बढिरहेको छ। जसको कारण आज कतिपय ग्रामीण रमणीय वस्तीहरु उजाड हुँदैछन्। आफ्नो देशभक्ति भावनाको विकास गर्नुको सट्टा भौतिक वस्तुको सयल गर्नका लागि गाउँबाट सहरतर्फ र सहरबाट विदेशतर्फ युवाशक्तिको पलायन भइरहेको छ।

थोरै खाएर भए पनि विभिन्न किसिमका पोसाकहरुको तडकभडकमा आकृष्ट हुनु आज विश्वका धेरैजसो युवतीहरुको जल्दोबल्दो समस्या भएको छ। कतिपय युवतीहरुले त आफ्ना सिर्जनात्मक प्रतिभा परिचालन गर्नुको सट्टा नयाँ-नयाँ ढाँचाका पोसाक तथा श्रृंगाँरको बहकाउमा वेश्यावृत्तितर्फ आकृष्ट भई आफ्नो जीवन बरबाद गरेका छन्।

आज विज्ञानको विकासको कारणले आधुनिक विलासी सामानहरुको उत्पादन प्रचुर मात्रामा भएका छन्। जसले गर्दा कतिपयलाई कमाइभन्दा खर्च बढी गर्नुपर्ने स्थितिको सिर्जना भएको छ। फलत: धेरैलाई जीवन धान्न पनि कठिन भएको छ।

वस्तुत : केही देशहरुले विज्ञानको क्षेत्रमा निकै प्रगति गरेका छन्। तर धेरै देशहरुमा विदेशको निर्भरताले गर्दा कूटनीतिक सम्बन्धमा केही गढबढ हुनासाथ त्यहााको जनजीवन अस्तव्यस्त हुन्छ र युद्ध गर्ने सम्भावना बढ्छ। आज आधुनिकताको कारण बढ्दो विलासी साधनहरुको उपज र अभावको वातावरण सिर्जना भएको छ। जसको कारण प्रत्येक समाजमा हिंसा, चोरी र डकैती बढेको छ। वास्तवमा आधुनिकताको खोलभित्रको कुलतले पैदा गरेको विकार हटाउन विज्ञान सफल भएको छैन। यो बाहेक मोटर, बस, ट्रक, जहाज, अन्तरिक्षयान आदिबाट हुने बढ्दो दुर्घटनाले मानव जीवनको अस्तित्वमा अनिश्चितता आएको छ।

कुनै पनि यात्रा नटुंगुञ्जेल प्रत्येकको मनमा शान्ति नहुनु स्वाभाविक हो, परन्तु आधुनिक हातहतियारहरुको होडबाजी र बढ्दो आतंकले कति बेर कुन ठाउँमा बम विस्फोट भई कसको मृत्यु हुने हो कसैलाई थाहा हुँदैन। यति मात्र होइन, विहान आफ्नो घरबाट पाठशालामा पढ्न हिंडेका बालबालिका साँझ नफर्किउन्जेलसम्म र कामका लागि आफ्ना घरबाट निस्केका कुनै पनि व्यक्ति घर नफर्किउन्जेलसम्म परिवारले पिर लिनुपर्ने अवस्था हुनु विज्ञानको नकारात्मक पक्ष हो।

विज्ञानले जतिसुकै विकास गरे पनि अझसम्म पनि धनी र गरिबबीचको खाडल पुरिएको छैन्। बरु गरिब झन् गरिब हुँदै छन् भने धनी झन् धनी हुँदै छन्। विज्ञानको कारणले आज विभिन्न देशमा विभिन्न किसिमका उद्योगहरुको स्थापना गरिएको छ। तर औद्योगिक विकासको कारणले कैयौा राष्ट्रहरु वातावरण प्रदूषणका साथै वन विनाशको चपेटामा परेका छन्।

विकसित राष्ट्रहरुले औद्योगिक क्रान्ति गरेर केही फाइदा त लिए। तर विभिन्न किसिमका उद्योगहरुबाट निस्कने धुवाा र धुलोको कारण वायुमण्डलमा हरित गृह ग्यास उत्सर्जनको मात्रा बढ्यो। यसले गर्दा पृथ्वीमा जलवायु परिवर्तन हुन थाल्यो र दैवी प्रकोपको कारण धेरै जनधनको नोक्सान हुन थाल्यो। भविष्यमा यस्तो क्षति अझ बढ्ने सम्भावना छ।

उद्योगहरुबाट निस्कने धुवाा र धुलोको नियन्त्रणका लागि हालसम्म पनि ठोस प्रविधिको विकास नभएकोले संसारको धेरैजसो देशको वातावरण दिन प्रतिदिन दूषित भइरहेको छ। आज उत्तरी गोलार्द्ध मात्र दूषित नभई दक्षिणी गोलार्द्ध पनि दूषित भइरेको छ। यसको मुख्य कारण क्लोरोफ्लोरो कार्बनको बढी प्रयोगले नै हो। भविष्यमा यसको प्रयोगमा रोक लगाउन नसके ओजनको सतह पातलो हुनेछ र सम्पूर्ण मानव जातिको स्वास्थ्यमा नकारात्मक असर पर्नेछ।

आज विश्व दिन प्रतिदिन तातो हुँदैछ। यसरी तातो हुँदै गएमा हिउँ पग्लेर समुद्रको सतह माथि उठ्दै जानेछ र संसारका केही देशहरु पानीमा डुब्नेछन्। यदि यस्तो क्रम रोक्न सकिएन भने विकसित देशहरु मात्र होइनन् विकासशील तथा अति कम विकसित देशहरुमा पनि खतरा हुनेछ। पृथ्वीको तापक्रम बढ्दै गएमा विश्वको एक मिटर हिउँ मात्र पग्ले पनि फिलिपिन्स र चीनका केही प्रान्तहरु पानीमा डुब्नेछन् मालदिभ्स पनि संकटमा पर्नेछ।

वातावरणले मानव जीवनको लागि आवश्यक स्रोतहरु उपलब्ध गराउने हुनाले यो सम्पूर्ण प्राणीको घर हो छ। परन्तु प्राकृतिक स्रोतहरुको अत्यधिक प्रयोगले आज मानवजातिमा नकारात्मक असर परेको छ। मानव जातिका विभिन्न क्रियाकलापहरुले ओजन तहको विनाश हुँदैछ। यसको कारण सूर्यबाट अत्यधिक रुपमा आउने परावैजनी किरण पृथ्वीमा आउने र पृथ्वीबाट माथि फर्कर जान नसक्ने भएकोले विश्वव्यापी उष्णता जलवायु परिवर्तन र मरुभूमीकरण जस्ता समस्या अत्यधिक मात्रामा विद्यमान छन्।

आज संसारका धेरैजसो देशमा विकासका कामहरु तीव्र रुपले सञ्चालन भइरहेका छन्। कलाकारखाना तथा गाडीहरुको अत्यधिक प्रयोगले वायु, जल र ध्वनि प्रदूषण धेरै बढिरहेको छ। बढ्दो ध्वनि प्रदुषणको कारण मानसिक रोग पनि दिन प्रतिदिन बढिरहेको छ। बढ्दो यातायातको साधनहरुको प्रचुरताको कारणले धेरैजसो देशको वातावरण प्रदूषणयुक्त छ। फलत: प्रत्येक व्यक्तिलाई सास फेर्ने पनि गाह्रो हुन थालेको छ। त्यसैले विज्ञानले विभिन्न चमत्कार देखाए पनि आजको मानवले त्यो भन्दा कैयौा गुणा खतरायुक्त परिणाम भोग्नुपरेको छ।

आज विज्ञानको आडमा विकसित देशहरुले निर्बल राष्ट्रहरुमा गरेको आक्रमणले गर्दा मानवीय रोदन, क्रन्दन र चपेटाले थिचिएका अर्धजीवित र मृतात्मालाई निहालेर हेर्दा विज्ञानलाई मानवीय उपजको विकार मात्र होइन श्राप नै हो भन्न सकिन्छ। विज्ञान प्रविधिमा भएको अत्यधिक विकासले गर्दा आज मानव समाज उन्नति र अवनतिको पराकाष्ठामा पुगेको छ जसले गर्दा आजको विश्व नै खतराको सिक्रीमा जेलिएको छ।

आज सशस्त्रका होडबाजी र विज्ञान प्रविधिलाई मानव हितका लागि प्रयोग नगरी राजनीतीकरण गरिएको छ। विभिन्न निर्माण कार्यका लागि प्रयोग गरिएका विस्फोटक पदार्थ मानवीय विनाशका लागि प्रयोग गरिएको छ भने जंगली जनावरको आक्रमणबाट बच्न तथा सिकारका लागि बनाइएका बन्दुक आज मानव जातिकै संहारका लागि प्रयोग गरिएको छ। यति मात्र होइन, यातायातका सुविधाका लागि बनाइएका हवाईजहाज तथा हेलिकोप्टर जस्ता साधन मानवीय विनाशका विस्फोटक पदार्थ बोक्ने साधनको रुपमा प्रयोग गर्न थालिएका छन्। जसले गर्दा आणविक शस्त्रास्त्र जस्ता घातक पदार्थ कति बेर कसको थाप्लोमा बर्जिने हो भन्ने कुरा चिन्ताको विषय बनेको छ।

जसरी विगतमा खतराको बिगबिगी खाडी युद्धको बेला खाडी क्षेत्रवासीहरुमा थियो भने आफगानिस्तानमा अमेरिकाले गरेको आक्रमणमा पनि त्यस्तै थियो। यसैगरी रुवाण्डामा एक पटकमा पााच लाखको ज्यान गयो भने उक्त घटना नदोहोरिएला भन्न सकिदैन। वर्तमान समयमा बढ्दो अनेकौ प्रकारका हातहतियार तथा क्षेप्यास्त्रहरुको अविस्कारले राजनीतिक आतंकवादी दलहरुको सिर्जना भएको छ जसले गर्दा निरापराधी अनाहकमा गोलीका शिकार भइरहेका छन्। अत : आजको विज्ञानको विकासलाई घृणाको दृष्टिबाट हेर्न पनि बाध्य तुल्याएको छ।

वस्तुत : अनमोल योगदान दिने आविस्कारकहरुले आफ्ना आविस्कारहरुलाई मानव कल्याणका निम्ति गरेका हुन। त्यसैले आजको मानवले सृष्टिको लीला नष्ट गर्ने मानसिकता नबोकी सिर्जनशील भई दुईतिर धार भएको विज्ञानको चमत्कारलाई विवेकपूर्ण तरिकाले परिचालन गर्न आवश्यक छ। यसो गर्न सकेमा सम्पूर्ण मानवजातिको कल्याण हुनेछ।

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी र हौं।

## मगही भाषा

### मगही भाषा के कविता

**चेहरापर बजैय साँढे तीन**

मोबाइलमे देखैछी घडीमे देखैछी
देदैछौ मैर मैर दिन।
कामके नामपर कनिया बहुरीयाके,
चेहरापर बजैय साँढे तीन-२
बुरबा बुरीयाके खिब चलते
भगेल अपने भिन।
सुखा टेटाक घरबला विना,
चेहरापर बजैय साँढे तीन-२
विदेशी रुपैयाँ पर फुफकार छोरैय
एक दिन मे पांच सौउके रिचार्ज करैय।
साउस कहु घोखोसे जौ बजइय त ओकरा झोट घ खुब पिटैय-२
सुन लैय, चाँदी लैय, लैय खुब ऋण।
तीरत खुना देखैछी त, चेहरापर बजैय साँढे तीन-२
घररबलाके विदेश पठा, अपने नयाँ-नयाँ
स्यामसुग गलेक्सी खुब फेरैय।
आ छउरा देखने अइठ अइठ क,
हाइ हिल सेन्डीलमे खुब चलैया-२
ललका साडी, उजरा, पाउडर, ओपर
सेन्टक सुगन्ध स, करैया माछी घिन-घिन।
या छउरा खस मजाक क-क,
बजादेने हय चेहरापर साँढे तीन-२

**फुलगेन महतो**


## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# आध्यात्मिक ज्ञान

यस लेखमा कुनै भरपर्दो स्रोत जोडिएको छैन । कृपया यो लेख सुधार्न भरपर्दो स्रोत जोडेर सहयोग गरिदिनुहोला । स्रोत जोडेर पुष्टि नगरिएका सामग्रीलाई चुनौती गर्न वा हटाउन सकिने छ ।

आध्यात्मिकता कुनै धर्म होइन अर्थात् जुन कुनै धर्म मानेर वा त्यसमा लागेर मानिस आध्यात्मिक बन्ने होइन । यसरी त उ कुनै पनि प्रकारको धर्म मान्ने धार्मिक बन्न सक्छ आध्यात्मिक होइन । आध्यात्मिकता त छुट्टै प्राकृतिक नियम हो । यो कुनै रुढीवादी चिन्तन वा धर्म होइन । "म को हु ? मैले के गर्नुपर्छ? " भन्ने जानकारी प्राप्त गर्नु, अर्थात् म आत्मा हु , आत्मा न त जन्मिन्छ न त मर्छ , शरिर परिवर्तनशील र मरणशील छ, आत्माले बिभिन्न शरिरहरू परिवर्तन गरिरहन्छ , शरिर नष्ट भएपछि पनि आत्माको अस्तित्व रहिनै रहन्छ, म एक आत्मा ईश्वर (परमात्मा)को अंश हु, मेरो यात्रा ईश्वर (परमात्मा) सम्म हो, गन्तव्य ईश्वर हो, त्यही नै मोक्ष हो भन्ने ग्यान नै आध्यात्मिक ग्यान हो । वेद,गीता आदिले यिनै कुराहरूको ग्यान सिकाउाछन् । यसर्थ जीवात्माको शाश्वत स्वरुपको ग्यान नै आध्यात्मिक ग्यान हो । कुनै देश, समुदाय, वर्ग वा जाती बिशेषले मान्ने धर्म भन्दा फरक ग्यान हो आध्यात्मिकता । आत्मानुभूति भए पश्चात मानिस नकारात्मक हुनै सक्दैन । खराब गुणहरू आत्मग्यानीको नजिक पर्नै सक्दैनन् । चरित्र स्वत निर्माण हुदै जान्छ, मानिस सुखी आनन्दित हुदै जान्छ । यही आनन्द प्राप्ति गर्नु नै मानव जीवनको उद्देश्य हो र आनन्द नै भगवान ( ईश्वर ) हो ।

आनन्द आध्यात्मिक ग्यानसंग समानुपातिक हुन्छ । अर्थात् जुन अनुपातमा आध्यात्मिक ग्यान बढ्दै जान्छ त्यही अनुपातमा बढीआनन्द को महसुस हुदै जान्छ । आध्यात्मिकता सकारात्मकतासंग समानुपातिक हुन्छ । अर्थात् आध्यात्मिक ग्यान प्राप्त गर्न सकारात्मक बन्नै पर्ने हुन्छ । दुख नकारात्मकतासंग समानुपातिक हुन्छ । जतिजति नकारात्मकता बढ्दै जान्छ उतिउति नै दु:ख थपिदै जान्छ । चित्त परमार्थसंग व्युतक्रमानुपाती हुन्छ । चित्तको पिछा गर्दै गए संसारिक रंगमञ्चमा रूमलिन्छ भने परामार्थको मार्गमा चल्यो भने परमात्मा ( ईश्वर )को प्राप्ति हुन्छ । त्यस्तै अनासक्त बनि कर्म गर्नु भनेको स्वतन्त्र बन्नु हो । कर्मको बन्धनबाट मुक्त हुनु हो । कर्मलाई ईश्वरमा अर्पण गरेपछि सम्पूर्ण कुराहरू स्वयम् ईश्वरमय बनिहाल्छन् ।

रिस मानिसको ठूलो शत्रु हो । रिस किन उठ्छ ? कसरी जन्मन्छ? यसको बिउ के हो ? रिसको बिउ ईच्छा हो । ईच्छाबाट नै रिसको जन्म हुन्छ । ईच्छाएको पुगेन भने रिस उठ्छ । मनका ईच्छा पुरा भएपछि खुशी हुने र पुरा नभए दु:खी हुने तथा रिस उठ्ने हुन्छ । मनमा ईच्छा नै छैन अर्थात् मन खाली छ भने नत खुसी नत रिस दुवै हुदैन । यो नै आध्यात्मिक आनन्द हो । भौतिक अर्थात् संसारिक ईच्छा त कहिल्यै पनि पुरा हुदैनन् । एक पछि अर्को ईच्छाको जन्म भैरहन्छ । गुणोत्तर श्रेणीमा ईच्छाहरू बढ्दै जान्छन् । मानिस ईच्छाहरू पुरा नभईकन मृत्युको शिकार बन्न पुग्छ । आनन्द ईच्छासंग व्युतक्रमानुपाती हुन्छ । अर्थात् ईच्छाहरू घट्दै जाादा आनन्द बढ्दै जान्छ । जब ईच्छाहरू घट्दै गएर सून्य हुन्छ तब पूर्णानन्द अर्थात् परमानन्द भैहाल्छ ।

रिसको बिउ ईच्छा हो । ईच्छाबाट नै रिसको जन्म हुन्छ । ईच्छाएको पुगेन भने रिस उठ्छ । मनका ईच्छा पुरा भएपछि खुशी हुने र पुरा नभए दु:खी हुने तथा रिस उठ्ने हुन्छ । मनमा ईच्छा नै छैन अर्थात् मन खाली छ भने नत खुसी नत रिस दुवै हुदैन । यो नै आध्यात्मिक आनन्द हो । भौतिक अर्थात् संसारिक ईच्छा त कहिल्यै पनि पुरा हुदैनन् । एक पछि अर्को ईच्छाको जन्म भैरहन्छ । गुणोत्तर श्रेणीमा ईच्छाहरू बढ्दै जान्छन् । मानिस ईच्छाहरू पुरा नभईकन मृत्युको शिकार बन्न पुग्छ । आनन्द ईच्छासंग व्युतक्रमानुपाती हुन्छ । अर्थात् ईच्छाहरू घट्दै जाादा आनन्द बढ्दै जान्छ । जब ईच्छाहरू घट्दै गएर सून्य हुन्छ तब पूर्णानन्द अर्थात् परमानन्द भैहाल्छ ।

मानिसका मनमा अरूलाई भन्न नसकिने तथा पुरा गर्न नसकिने ईच्छाहरू खचाखच बसेका हुन्छन् । ती ईच्छाहरू पुरा हुन नसक्दा रिस उठ्छ । यसकै कारण मानिसको मन अशान्त एवम् दुखी हुन थाल्छ । तसर्थ कुनै पनि कुराको ईच्छा (चाहना) राख्नु भन्दा पहिले सकारात्मक भै धेरै पटक सोच्नु पर्ने हुन्छ । ब्यक्त गर्न नसकिने तथा कार्यन्वयन गर्न नसकिने ईच्छाहरू नगर्दा मन शान्त एवम् सुखी हुन्छ । जसरी कम्प्युटरमा जम्मा भएका तथा राखिएका अनावश्यक फाइलहरु हटाउादा कम्प्युटर अरू राम्रोसाग चल्ने हुन्छ । ठीक त्यस्तै ब्यक्त गर्न नसकिने तथा कार्यन्वयन गर्न नसकिने ईच्छाहरू जम्मा नगर्दा मन हलुका र शान्त हुन्छ । गुण्टा हलुङ्गो भयो भने यात्रा आरामदायी भए जस्तै मनले धेरै ईच्छाहरूको भारी बोकेको छैन अर्थात् मन हलुङ्गो छ भने जीवन यात्रा आनन्दमय हुन्छ ।

रिस जन्माउने ईच्छा भए जस्तै ईच्छा जन्माउने हाम्रै पाच ग्यानेन्द्रिहरू हुन् ।

क) आखा : आखाले देख्न हेर्न चाहेको कुरा पुरा हुन सकेन , देखेको कुरा प्राप्त गर्ने ईच्छा पुरा भएन रिस उठ्छ ।

ख) नाक : नाकले सुगन्ध मात्र ईच्छा गर्छ , नपाएको खण्डमा रिस उठ्छ ।

ग) कान : कानले आफूलाई मनपर्ने कुरा, गाना, संगीत तथा प्रिय ध्वनि मात्र सुन्न चाहन्छ , नपाउदा रिस उठ्छ ।

घ) मुख : मुखले सधै स्वादिष्ट भोजनको ईच्छा गर्छ , नपाउादा रिस उठ्छ ।

ङ) छाला : छालाले हमेसा स्पर्शबाट आनन्द मात्रको ईच्छा राख्छ , पुरा नहुादा रिस उठ्छ ।

हामीलाई आफ्नो गन्तव्य सम्म पुर्याउन सहयोग गर्ने, जन्मसंगै आएका , ईश्वर प्रदत्त सम्पत्ति यी पााच ग्यानेन्द्रिहरूलाई सकारात्मक सोचको बृद्धि गर्ने कार्यमा लगाई सदुपयोग गर्नु पर्दछ ।

मननशील भएकै कारणले मानिसलाई मानव भनिएको हो । यसबाट यो बिस्वास गर्न सकिन्छ कि बुद्धिलाई पवित्र बनाउने मुख्य साधन मनन हो । जतिजति हामी सत्कर्म र सद्विचारको मनन गर्दछौ उतिउति नै हामीमा मानसिक स्थिरताको साथसाथै सत्कर्म तथा सद्विचारमा अनुराग बढ्दै जान्छ ।

हामीले धारण गरिरहेको यो शरिर भौतिक हो । यो पञ्च तत्वबाट बनेको छ । यसलाई स्वस्थ तथा तन्दुरुस्त राख्न खाना चाहिन्छ । शरिर हामीलाई आफ्नो गन्तव्य सम्म पुर्याउने माध्यम हो । तसर्थ यसको उपयुक्त पोषण गर्नको निमित्त सात्विक भोजन आवश्यक हुन्छ । खाना बााच्नका लागि खानुपर्छ । तर खानको लागि बाच्नेले जे पनि खान्छन् र त्यस प्रकारका मानिस आफूमा सकारात्मक सोंचको विकास गर्न नसक्ने हुन्छन् । यो दुनियाका अधिकास मानिसहरु खान नपाएर भन्दा शरिरलाई चाहिने भन्दा बढी भोजन गरेर अल्प आयु मै मृत्यु वरण गर्न पुग्छन् ।

यो संसारका सम्पूर्ण प्राणीहरू मरणशील छन् । त्यसैले त यस संसारलाई मर्त्यलोक पनि भनिन्छ । धन सम्पति, युवा अवस्था, पत्नी र सन्तान सबै अनिश्चित छन् । समयको गतिमा यी सबै छ्यणभरमै नष्ट हुन सक्छन् । यस संसारमा जोसुकैले जतिसुकै धन आर्जन गरे पनि मृत्यु पस्चात आफ्नो साथमा न केही लिएर जान सक्छ नत जिउादै छदा सुनको रोटी र नोटको सब्जी नै खान सक्छ । उक्त सम्पती उसले कसरी कमाएको हो सोही अनुसारको फल भोग्नु पर्ने भएकाले पाप या पूण्य मात्रै उसको साथमा जान्छ र त्यो नै अर्को जन्मको उसकै प्रारब्ध बन्दछ

(वासना बन्धन कर्म फलको प्रभाव) विहिन, निरासक्त , निराश्रित , निस्सङ्ग भै ईश्वर (परमेश्वर , परमात्मा, परब्रह्म) मा लिन हुनु मोक्ष हो । मोक्ष प्राप्त भए पश्चात आवागमन अर्थात् जन्म मृत्युको चक्रबाट मुक्ति मिल्छ ।

आत्मा र परमात्माको एकीकृत आध्यात्मिक साम्राज्यमा रमाउनको लागि पवित्रता र चित्तको एकाग्रता नभई नहुने पूर्वाधार हुन् । हाम्रो शरीर उपासना एवम् आराधनाका विधिहरुद्वारा ईश्वरीय शक्ति आर्जन गर्ने सर्वोत्कृष्ट साधन हो । हाम्रो जीवनले प्राप्त गर्ने सम्पूर्ण सकारात्मक परिणामहरू, हाम्रो मनभित्र पैदा हुने राम्रा बिचारहरु तथा सबै राम्रा नतिजाका फलहरू यीनै त हुन हामीले महसुस गर्न सकिने ईश्वरीय प्रभावहरू ।

ईश्वर पाउनको लागि हामीलाई प्रसस्तै खर्चको आबश्यकता पर्दैन । धन खर्च गरेर पनि पाउन नसकिने पवित्र मन नै ईश्वरलाई चढाउने अनमोल चिज हो । पवित्र हृदयवालाले ईश्वरलाई पात, फूल, फल,जल जे उपलब्ध हुन्छ त्यही मात्र चढाउादा पनि ईश्वर प्रशन्न हुन्छन् । आस्थावान मानिसहरुले छोटो समयमै ईश्वरको अनुभूति गर्न सक्छन् । ईश्वर विनाको न कुनै स्थान हुन्छ न त कुनै हृदय नै । हरेक प्राणीको हृदयमा ईश्वरको बास हुन्छ । ईश्वर हामीसागै छन् । आस्थावान एवम् श्रद्धावानहरूले सजिलै ईश्वरको अनुभूति गर्न सक्छन् । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यले ईश्वर प्राप्तिको मार्ग नै अबरुद्ध गरिदिन्छन् । आत्मतत्व, आत्मा, चैतन्य, जीव, ब्रह्म वा ईश्वर भन्नुको तात्पर्य एउटै हो । आफूमा हरेकलाई र हरेकमा आफूलाई देख्न यदि सक्छौ भने ईश्वरलाई भेटियो भन्ने ठाने हुन्छ । हामीले आफूलाई चिन्न सक्यौ भने ईश्वरलाई भेटिन्छ । हामीमा अन्तर्निहित आत्मतत्व नै ईश्वर हो । पवित्र हृदयवालाले मात्र आत्मतत्व चिन्न वा जान्न सक्छन् । ईश्वरलाई प्राप्त गर्न धनवान, बिद्वान, बलवान तथा चलाख हुनु जरूरी छैन। सिधासाधा, भोलाभाला, पवित्र एवम् सरल स्वभावका मानिसहरू ईश्वरका झनै प्रिय हुन्छन् । मानवसंग दानवीय ब्यवहार गर्ने तर ईश्वरको खोजी गर्न अन्यत्र भौतारिदै हिड्नु कस्तुरी मृगले आफ्नै नाभीमा भएको कस्तुरीलाई जान्न नसके जस्तै हो । ईश्वर हामीसागै छन् ,उनलाई खोज्न कहीाकतै धाउनु पर्दैन । प्राणीहरूसंग कठोर ब्यवहार गर्ने अनि ईश्वर खोज्न अन्यत्र भौतारिदै हिडेर कहिल्यै पनि ईश्वर पाउन सकिदैन । दिनदुखीलाई सहयोग गर्नु तथा सबै प्राणी प्रति दया एवम् सद्भाव राख्नु र आफ्नो मन ईश्वरमा अर्पण गर्नु नै ईश्वर प्राप्तिमा लाग्नु हो । यस्तो पवित्र मनमा ईश्वर स्वयम् विराजमान हुन्छन् ।

योगको वास्तविक अर्थ नै भगवानसाग आफूलाई जोड्नु हो । अर्थात् जीव र जिवात्माको मिलन हो । यसलाई यसरी पनि भन्न सकिन्छ, आत्मा र परमात्माको मिलन नै योग हो । कुनै पनि ब्यक्ति यदि भगवानसाग जोडिएको छ भने उसले कुनै पनि प्रकारको वरदानको चाहना राख्दैन । वरदानको अर्थ संसारीक सुख सयल , धन सम्पत्ति र भोग विलास जस्ता ईन्द्रियहरूको तृप्तिसंग सम्बन्धित वस्तुहरुको प्राप्ति हुने भएकाले ध्रुवले भगवानबाट कुनै पनि कुरा वरदान स्वरूप लिन चाहेनन् ।

स्वप्नमा देखिने वस्तुहरुसंग हाम्रो कुनै सम्बन्ध नभए जस्तै आत्माको पनि इहलौकिक वस्तुहरुसंग कुनै प्रकारको सम्बन्ध हुदैन । सारहीन र नासवान वस्तुलाई आफ्नो ठान्नु माया अर्थात् भ्रम मात्रै हो भन्ने जानि जब आत्मा माया वा भ्रमको पर्दा च्यातेर यो त्रिगुणमयी संसारीक मोहबाट पर हुन्छ, तब त्यो आफैंमा रमाएर आत्माराम बन्दछ । तत्पश्चात आत्मा (जीव) ममत्वको भाव त्यागेर लौकिक पदार्थहरू देखि उदासीन बन्दछ ।

वांकी अर्को अंकमा

# आसरा सुधार केन्द्रको समुद्घाटन

विराटनगर । सुनसरीको धरान-६, पानवारी स्थितमा रहेको आसरा सुधार केन्द्र, पानवारी, धरान शखामा नवनिर्मित भान्छा घर एवं परामर्श कक्षको समुद्घाटन सम्पन्न भएको छ ।

बुधबार एक कार्यक्रमका बिच नेपाल प्रहरी श्रीमती संघका केन्द्रिय अध्यक्ष श्रीमती प्रमिला खनालले भवनको समुद्घाटन तथा अवलोकन गर्नु हुँदै वहाँले बदलिदो समय र रुपान्तरणका साथ साथै आधुनीक युगमा लागुऔषध दुर्व्यसनीको चपेटामा जानेर या नजानी पर्ने लागु औषध सेवनकर्ताहरुलाई उपचारको उदेश्यले यस संस्थाको स्थापना भएको बताए ।

साथै उपचारमा आउने सदस्यहरुलाई उपचारउन्मुख भई पुर्णत स्वस्थ्य बनाउनका लागी यस संस्थाबाट संरचनात्मक एवम प्रभावकारी र अनुकुल वातावरण तयार हुनु पर्ने कुरालाई समेत नकार्न नसकिने जिकिर गरे ।



त्यसैगरी आसरा सुधार केन्द्र, पानवारी, धरान शखाका प्रमुख संरक्षक प्रहरी नायब महानिरीक्षक ठाकूर प्रसाद ज्ञवालीले लागुऔषध दुर्व्यसनी र ग्रसित ब्यक्तीहरुलाई समाजमा पुन : स्थापना गर्ने उदेश्यले समुदाय प्रहरी साझेदारीको अनुपम र उत्कृष्ट नमुनाको रुपमा संचालनमा आएको र यस केन्द्रलाई अझ सुविधा सम्पन्न बनाउनका लागी भान्छा घर एवं परामर्श कक्षको निर्माण गरिएको बताउनुभयो ।

आसरा सुधार केन्द्र, पानवारी, धरान शखालाई बिभिन्न क्षेत्रबाट सहयोग पुर्याउने महानुभावहरुलाई प्रशंसा पत्र बितरण गरीएको थियो । २०७५ साल चैत्र १ गते देखि संचालनमा रहेको यस शाखामा हाल सम्म ६४ जनाले उपचार पुरा गराई सकेका छन भने हाल ७८ जना सदस्यहरु उपचारमा रहेका छन साथै ४६ लाख ५७ हजारको कुल लागतमा भान्छा घर एवं ५ कोठे परामर्श कक्ष निर्माण सम्पन्न भएको छ ।

# एसएसवीले गरे नपाली युवतीको उद्धार

विराटनगर । भारत पुगेकी एक नेपाली यूवतीलाई एससएवीले उद्धार गरेको छ । नेपालका पूर्वी नाका कांकडभिट्टा हुँदै भारत पुगेकी युवती मानव तस्करका फन्दामा परेकी थिइन ।

मानव तस्करीको फन्दामा फसेर गैरकानुनी रूपमा भारतको बाटो दिल्ली हुँदै कुवेत जान लागेकी पोखरा बस्ने २८ वर्षीय कविता उमरालाई भारतीय एसएसबीले उद्धार गरेको उद्धार गरेको छ ।

काँकडभिट्ट नाका हुँदै भारत प्रवेश गरेका युवती उमरालाई एसएसबी ४१ बटालियन अन्तर्गतको पानीटंयाकी बिओपीका टोलीले उद्धार गरेको गरेको छ । भारतीय सीमा प्रवेश गरेकी युवतीलाई रोकेर एसएसबीका जवानले शङ्का लागि सोधखोज गर्दा कामको सिलसिलामा भारतबाट कुवेत जान लागेकी बताइएकी थिइन् ।

नेपाली कागजात र राहदानी समेत फेला नपरेको युवती पानीटंयाकी बस पार्कतर्फ जान लागेकी थिइन् । बस पार्कमा उनलाई अज्ञात व्यक्ति लिन आउने र त्यही व्यक्तिले बाघडुग्रा विमानस्थलबाट दिल्ली लैजाने योजना बनाएको यूवतीले सुनाईन ।

युवतीलाई लैजाने कुनै व्यक्ति एसएसबीको फन्दामा परेको छैन् । यता एसएसबीले युवतीलाई नेपाल प्रहरीलाई जिम्मा लगाइएको जानकारी गराएको छ ।

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.


# संस्थागत विद्यालय हाजरी जवाफ प्रतियोगितामा लिटिल चाईल्ड इंगलिस बोर्डिङ स्कुल प्रथम

**श्याम सुन्दर सुतिहार**

विराटनगर, मंसिर ४ गते । मोरंगको जहदा गाउंपालिका र कटहरी गाउंपालिका भित्र रहेका संस्थागत विद्यालयहरु बीच जहदा गाउंपालिकाको दुर्गा उच्च माध्यमिक विद्यालयको प्रागणमा लक्ष्मिनिया यूवा क्लवले आयोजना गरेको हाजरी जवाफ प्रतियोगितामा जहदा गाउंपालिका वडा नं. ५ मा रहेको लिटिल चाईल्ड इंगलिस बोर्डिङ स्कुल प्रथम भएको छ ।

जहदा गाउंपालिकाका अध्यक्ष कैलाश प्रसाद मण्डलको प्रमुख आतिथ्यमा भएको सो प्रतियोगिताको उद्घाटन गर्दै भने हाजरी जवाफ प्रतियोगिताले विद्यार्थीमा नयां उर्जा आउने र प्रतिस्पर्धा गर्न वानीको विकास हुने भएकोले यस्तो प्रतियोगितालाई निरन्तरता दिनु पर्ने वताए ।



प्रथम भएको लिटिल चाईल्ड इंगलिस वोर्डिङ स्कुलका विद्यार्थीहरु

जहदागाउंपालिका र कटहरी गाउंपालिकामा रहेको संस्थागत विद्यालय मुन राईस भौडाहा, लिटिल चाईल्ड स्कुल जहदा-६, चन्द्र सुर्य स्कुल जहदा-२, मोडन स्टर्न स्टार स्कुल थलहा, धुर्वतारा स्कुल कटहरी-१, ज्ञान सागर स्कुल जहदा-६, बालवालिका स्कुल जहदा-२, सुप्रभा स्कुल कटहरी-४, गरी ८ वटा विद्यालयले भाग लिएका थिए ।

हाजरी जवाफ प्रतियोगितामा प्रत्येक स्कुल वाट ४/४ जना भाई-बहिनीहरुले भाग लिएका थिए । सो मध्ये लिटिल चाईल्ड इंगलिस बोर्डिङ स्कुलले प्रथम स्थान हासिल गरेका थिए । दोस्रो स्थान हासिल गर्न बालबालिका स्कुल सफल भए भने मोर्डन इस्टर्न स्टार इंगलिस वोर्डिङ स्कुलले तेस्रो स्थान हासिल गरेका थिए ।

विजेता सवैलाई कप, प्रमाणपत्र प्रदान गरेका थिए । सो कार्यक्रममा जहदा गाउंपालिका वडा नं. ३ को वडा अध्यक्ष अनिल कुमार ठाकुर, वडा नं. ५ का वडा अध्यक्ष जगदिश सिंह, जीवन विकास समाजका हेम नारायण राजवंशी, जगरनाथ राय, गान्धी मण्डल, पेरिस सुवेदी लगायतको उपस्थित रहेको थियो ।

उक्त प्रतियोगिता लक्ष्मिनिया युवा क्लवका अध्यक्ष नितेश कुमार साहको अध्यक्षतामा भएको थियो भने धिरज कामतको विशेष सहयोग रहेको थियो । जहदा गाउंपालिकाको दुर्गा उच्च माध्यमिक विद्यालयको प्रागणमा भएको थियो ।

# आगोवाट जली दुई घाईते

विराटनगर । जिल्ला मोरंग बिराटनगर महानगर पालिका वडा नं. ६ की राधादेबि सहनीको आफ्नै घरमा चिया पकाउने क्रममा ग्यास लिक शरिरमा आगलागि हुँदा कम्मर माथीको भाग जली घाईते भएको छ ।

उक्त आगो निभाउने क्रममा निजको श्रीमान किसोर सहनिको बाया हात जलि घाइते भई दुबै जनालाई उपचारको लागि कोशि अस्पताल बिराटनगर पठाई उपचार भईरहेको छ ।

त्यस्तै मंसिर ५ गते जिल्ला मोरङ रंगेली नगर पालिका वडि नं. ५ आपगाछी बस्ने अर्जुन मण्डलको फुसको छाना भएको बासको खम्बा भएको भान्सा घरमा अचानक आगलागि भएको थियो ।

उक्त आगलागीको खबर प्राप्त हुन साथ तत्काल प्रहरी चौकी आपगाछीबाट प्रहरी टोली खटि गई स्थानियबासीको सहयोगमा नियन्त्रण गरिएको थियो । उक्त आगलागिबाट मानविय अन्दाजी २ लाख बरावरको क्षति भएको अनुमान गरिएको छ ।

# चारसय चालिस किलो मरिच बरामद

विराटनगर । नेपालको प्रदेश नं. १ को राजधानी विराटनगर महानगर पालिकावडा नं. १८ बुधनगरवाट भारत तर्फ अवैद्ध रुपमा लैजान लागेको कालो मरिच प्रहरीले फेला पारेको छ ।

तीन वटा मोटरसाईकलमा अबैध रुपमा भारत तर्फ लैजान लागेको १६ बोरा अन्दाजी ४ सय ८० केजी मरिच बेबारिसे अबस्थामा फेला परिएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारेको, उक्त मरिच आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

# अवैद्ध मदिरा प्रहरीको नियन्त्रणमा

विराटनगर । जिल्ला मोरङ धनपालथान गाउं पालिका वडा नं. ४ भलुवा चोक स्थितमा उत्तरबाट दक्षिणतर्फ साईकलमा ल्याउदै गरेको मदिरा फेला पारी नियन्त्रणमा लिएको छ

एक सय लिटर घरेलु मदिरा प्रहरी चौकी कर्सियाबाट गस्तीमा खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाएको छ ।

# मोरंगको विभिन्न ठाउंको आगलागीवाट लाखैको क्षति

विराटनगर । मोरङ सुनवर्सी नगरपालिका वडा नं. ७ बरडंगा बस्ने ज्ञान मण्डलको टिनको छाना बाासको टाटीले बनेको भुई तले भान्साघरमा आगो लाग्दा २ लाख बरावरको क्षति भएको छ ।

निजको छोरा बष ९ को सोनु मण्डल लाईटर बाली खेल्ने क्रममा भान्साघर भित्र राखिएको मोटर साईकलमा आगो सल्कन गई आगलागी भएको भन्ने जानकारी प्राप्त हुन साथ प्रहरी चौकी बरडंगा बाट प्रहरी टोली खटी गई स्थानियबासी र प्रहरीको सहयोगमा आगोलाई नियन्त्रणमा लिएको थियो ।

उक्त आगलागी बाट भान्साघर भित्र रहेको बीर ३८ डी १९६२ नम्बरको होन्डा साईन मोटर साइकल थान १, साईकल थान १, अन्नपात, ल.क., भाडावर्तन र भान्साघर समेत पुर्ण रुपमा जली नष्ट भएको थियो ।

त्यस्तै जिल्ला मोरङ कटहरी गाउं पालिका वडा नं. २ स्थितमा रहेको बोहोरा इन्डष्ट्रिज प्रालि (राईस मिल) को भट्टिमा प्रयोग गर्न राखिएको धानको भुसमा भट्टिको आगोको झिल्को उछिटिन गई आगो सल्किएको भन्ने जानकारी प्राप्त हुन साथ तत्काल सीआरभी कटहरीबाट प्रनानिको कमाण्डमा प्रहरी टोलि खटि गई दमकल, प्रहरी र स्थानिय बासिको सहयोगमा उक्त आगो नियन्त्रणमा ल्याएको थियो । उक्त आग लागिबाट अन्दाजी ३ लाख बराबरको क्षति भएको थियो ।

त्यसैगरी जिल्ला मोरङ बुढीगंगा गाउँपालिका वडा नं.७ बेलडागी बस्ने किरण कुमार माझिको १५ कठ्ठा खेतमा लगाएको,अन्दाजी ६० मुरी बराबरको धान बालि कुनिउ लगाई राखेको अवस्थामा अपरिचित ब्यक्तिले आगो लगाई दिदा उक्त धानको कुनिउ पूर्ण रुपमा जलेको छ । सो आगलागीमा ५० हजार वरावरको क्षति भएको अनुमान गरिएको छ ।

आगलागीवाटै मोरङ उर्लाबारी नगर पालिका वडा नं.७ दुर्गादेवी अधिकारीको ३ तले घरको पहिलो तलामा कोठा भाडामा लिई बस्ने संदिप पौडेलको भान्सा कोठामा राखिएको फ्रिजको तार सट भई अचानक आगलागी हुदा कोठा भित्र रहेको फर्निचर, भाडाकुडा र लत्ताकपड जलि नष्ट हुँदा ६८ हजार ५ सय बराबरको क्षेति भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी जिल्ला मोरङ ग्रामथान गाउापालिका वडा नं.४ तकिया बस्ने बिनोद माझीको ३ बिघा खेतमा लगाएको, अन्दाजी ३ सय मन बराबरको धान कुनिउ लगाई राखेको अवस्थामा अचानक अगोलागि हुँदा उक्त धानको कुनिउ पूर्ण रुपमा जली नस्ट भएको उक्त आगलागीबाट अन्दाजी ३ लाख बराबरको क्षति भएका छ । उक्त आगलागी प्रहरी र स्थानीय मानिसहरुको सहयोगमा ऐ.२०श्३० बजे पूर्ण रुपमा नियन्त्रणमा लिएको,मानबिय चौपाय क्षति नभएको प्रहरीले जनाएको थियो ।

# लागु औषध सहित मानिस पक्राउ

विराटनगर । जिल्ला मोरङ सुन्दर-हरैचा नगर पालिका वडा नं. ९ स्थित जिल्ला सुनसरी धरान उप महा नगरपालिका वडा नं. १६ बस्ने वर्ष २१ को प्रभु शाह लाई लागु औषध सहित पक्राउ परेको छ ।

इलाका प्रहरी कार्यालय बेलबारी बाट खटिएको गस्ती टोलीले शंका लागी चेकजाँच गर्दा निजको साथबाट स्पासपान २ सय ४० ट्याबलेट, रिम टोल २ सय ४० ट्याबलेट फेलापारी निजलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बेलबारीमा ल्याई आवश्यक अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

२ तपाईसंग पुनर्निमाण सम्बन्धी कुनै जिज्ञासा, गुनासा, सल्लाह तथा सुझाव भए राष्ट्रि पुनर्निर्माण प्रतिकरणको पैसा नलाग्ने टेलिफोन नम्बर १६६०-०१-७२००० वा ९८०१५७२१११ मा सम्पर्क गरी आफ्ना जिज्ञासा, गुनासा राख्न वा सल्लाह/सुझाव दिन सक्नु हुने छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



दुग्ध विकास संस्थान विराटनगर

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

जहदा गाउँ पालिकाको कार्यालय मोरंग